का.जि.प्र.का.द.नं. १००/०५९/६०
- वर्ष १८, अंक ९१
- ७ जेठ २०७७, बुधबार
- 20 May 2020, Wednesday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: मंगलबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ४०२ जना | ३७ जना | ३२६०४ | ४५७ | २ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४९ लाख २४ हजार | १९ लाख २८ हजार | ३ लाख २० हजार | २६ लाख ७५ हजार |

प्रधानमन्त्रीको प्रश्न

# सत्यमेव जयते कि सिंहमेव जयते ?

## ‘नयाँ नक्सासहित संविधान संशोधन गरिएको दिन देशभर दिपावली हुनेछ’

**प्रधानमन्त्री केपी शर्मा ओलीले लिम्पियाधुरा सहितको नेपालको नक्सा सार्वजनिक गर्ने कार्य ऐतिहासिक भएको र नक्सा मात्रै नभएर भूमि नै फिर्ता ल्याउने दावी गरे । प्रधानमन्त्री ओलीले केही दिनभित्रै संविधानको अनुसूची संशोधन गरी नेपालको आधिकारिक नयाँ नक्सा कार्यान्वयनमा जाने घोषणा गरे ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नयाँ नक्शा, निशान छाप र प्रतीक चिह्नसहितको व्यवस्थाका लागि संविधान संशोधन प्रस्ताव चाँडै संसदमा ल्याइने बताएका छन् । आगामी आर्थिक वर्षका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले गएको जेठ २ गते ल्याएको नीति तथा कार्यक्रममाथि उठेको प्रश्नको जवाफ दिदै प्रधानमन्त्री ओलीले लिम्पियाधुरा नेपालको भएको बताए ।

“लिम्पियाधुरा नेपालको हो । २०१८ सालसम्म तिरो उठाउने र जनगणना गरिएको थियो । तर, कालापानीमा भारतमा सेना राखेपछि तिरो उठाउन छोडिएको थियो” प्रधानमन्त्री ओलीले भने, “अघिल्ला सरकारहरु जस्तो होइन यो सरकार ।”

प्रधानमन्त्री ओलीले संविधानको अनुसूची ३ सँग सम्बन्धित संशोधन प्रस्ताव चाँडै संसद्मा आउने बताए । त्यस दिन देशभर दिपावली हुने प्रधानमन्त्रीको उद्घोष थियो । प्रधानमन्त्री ओलीले भारत सरकारले सत्यमेव जयतको बाटो अंगाल्नुपर्ने बताए । “भारतलाई चिनाउने नक्सामा चारतिर फर्किएका सिंहको मुनि लेखिएको छ- सत्यमेव जयते । तर, मलाई सत्यमेव जयते लाग्छ । सोध्न चाहन्छु- सत्यमेव जयते कि सिंहमेव जयते ?”

अनुसूचीसहित आवश्यकतानुसार अन्य विषयमा पनि संशोधन गर्न सकिने जनाएका हुन् । नेपालको गुमेको भूभागमा मन कुँड्याएर बसिरहने नभई अब फिर्ता ल्याउनुपर्छ भन्दै प्रधानमन्त्री ओलीले दबेर वा हीनग्रन्थीबाट वा कसैले धम्क्यायो भने लच्किएर छिमेक सम्बन्ध नहुने स्पष्ट गरे । प्रधानमन्त्रीले भने, “सरकारले नयाँ नक्शा ल्याएको छ । अब अतिक्रमित भूमि फिर्ता ल्याउँछ । केही दिनमा उक्त नयाँ नक्शा प्राप्त हुनेछ ।”

सांस्कृतिक पुनःउत्थानसहित लोकतन्त्र र अर्थतन्त्रलाई पुनःसंरचना तथा सत्तापक्ष र प्रतिपक्षको भूमिकालाई नयाँ मान्यताका साथ अघि बढाउन आवश्यक रहेकामा प्रधानमन्त्रीले जोड दिए ।

प्रधानमन्त्री ओलीले पुराना ज्ञान, शास्त्र, अनुभव र मान्यता महत्वपूर्ण बाँकी पृष्ठ २ मा

# बहुमतबाट पारित

**राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ २ गते संघीय संसदको संयुक्त सदनमा पेश गरेको नीति तथा कार्यक्रम बहुमतबाट पारित भएको छ । नीति तथा कार्यक्रममा विपक्षी दलहरूले भने बिपक्षमा मतदान गरेका थिए ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ ।

आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम संघीय संसदको दुवै सदनबाट बहुमतले पारित भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ २ गते संसद्को दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गरी सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन् । नीति तथा कार्यक्रम माथि प्रतिनिधिसभा बैठकमा सांसदहरुले भाग लिँदै आ-आफ्नो धारणा राखेका थिए । मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा उठेका प्रश्नको जवाफ दिए ।

नीति तथा कार्यक्रममाथि सांसद डा मीनेन्द्रप्रसाद रिजाल, दुर्गा पौडेल, प्रेम सुवाल, लक्ष्मणलाल कर्ण र सरिता गिरीले संशोधन प्रस्ताव राखे । सभामुख फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिँदा प्रस्ताव फिर्ता नलिएपछि संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो । त्यसपछि सभामुख अग्निप्रसाद सापकोटाले नीति तथा कर्याक्रमलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले पारित गरेको हो ।



### नीति तथा कार्यक्रम

प्रतिनिधिसभामा पारित भएको केही समयभित्रै राष्ट्रियसभाको बैठकले समेत आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रमलाई बहुमतले पारित गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिएपछि नीति तथा कार्यक्रम पारित भएको हो ।

बैठकमा अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले प्रस्ताव पारित भएको हो । कार्यक्रममाथि सदस्य अनिता देवकोटा, शेखरकुमार सिंह र प्रमिलाकुमारीले गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो । पारित कार्यक्रमका आधारमा सरकारले यही जेठ १५ गते बजेट प्रस्तुत गर्नेछ ।

बैठकले केही नेपाल ऐन संशोधनको साविकको ऐन जगाउने सम्बन्धी ऐनलाई पारित गरियोस् भन्ने प्रस्ताव पनि पारित गरेको थियो । राष्ट्रियसभाको अर्को बैठक यही जेठ ७ गते बिहान ११ बजे बस्नेछ । सरकारले स्वास्थ्य, कृषि र रोजगारलाई प्राथमिकता दिएर बजेट ल्याउने नीति तथा कार्यक्रममा प्रस्तुत गरिएको छ ।

# सातै प्रदेशमा संक्रमण

**कर्णाली प्रदेशको दैलेखमा समेत संक्रमण देखिए पछि देशका सातै प्रदेशमा कोभिड-१९ को सन्त्रास झनै बढेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ ।

काठमाडौं उपत्यकामा पछिल्लो साता कोभिड-१९ सङ्क्रमित देखिन थालेसँगै टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा परीक्षणका लागि आउनेको सङ्ख्या ह्वात्तै बढेको छ । वैशाखको अन्तिमसम्म दैनिक २० देखि ६० जनासम्म परीक्षणका लागि आउने गरेकामा जेठ महिनामा दैनिक झण्डै ७०० परीक्षणका लागि आइरहेको अस्पतालले जनाएको छ ।

परीक्षणका लागि आउनेमध्ये कतिपय सङ्क्रमित जिल्लाबाट आएका, सङ्क्रमित भएका व्यक्तिसँग सम्पर्क भएकादेखि सङ्क्रमणको सम्भावना न्यून रहेका व्यक्तिसमेत रहेको अस्पतालका निर्देशक डा सागर राजभण्डारीले बताए । अहिले उपत्यकाका अधिकांश नगरपालिकाले आफ्नो नगरमा नफर्कन र फर्कन पर्दा परीक्षण गरेर मात्रै आउन भनिरहेका छन् । यसैले गर्दा अस्पतालमा परीक्षणका लागि आउनेको सङ्ख्या बढिरहेको हो ।

दुई साता पहिलेसम्म परीक्षणका लागि किट पर्याप्त मात्रामा नभए पनि अहिले किट पर्याप्त भएकाले पनि परीक्षणको दायरा बढाइएको छ । केही महिनादेखि काठमाडौं उपत्यका नछाडेका र सङ्क्रमितको सम्पर्कमा नगएका व्यक्ति पनि त्रासका कारण आफूलाई कोभिड-१९ छ छैन भनी परीक्षण गराउन आइरहेका छन् ।

परीक्षणका लागि आउनेमा नेपालीसँगै विदेशी पनि रहेको डा राजभण्डारीले बताए । कतिपयमा आफूलाई सङ्क्रमण छैन भन्ने लागेपनि कागजातका लागि परीक्षण गराउन आइरहेका छन् । उनले भने, “आफ्नो देशमा फर्कनु पहिले परीक्षण गर्नुपर्ने भएकाले पनि उनीहरु आइरहेका छन् ।”

कतिपय व्यक्ति भने उपत्यकाकै एउटा स्थानबाट अर्को स्थानमा जाँदा पनि कतै आफू सङ्क्रमित भइहालेँ कि भनी जचाउन आइरहेका छन् । कतिपय व्यक्ति तरकारी पसल बाँकी पृष्ठ २ मा



जिल्ला अस्पताल भोजपुरको परिसरमा स्वाब परीक्षणका लागि नमूना संकलन गर्न समाजिक दूरी कायम गरी उभिएका मानिस ।
-तस्वीर : युवराज विष्ट

श्रमको सम्मान गर्न सिकौं, राष्ट्रको उत्थान र विकासमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विदेशबाट नेपाली कामदार तत्काल फर्काउन असम्भव

# ल्याउ भन्न सजिलो, ल्याउन गाह्रो : प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा जनशक्ति र क्वारेन्टाइनको पर्याप्त सुविधा नभएको भन्दै विदेशमा रहेका नेपालीहरूको तत्काल उद्धार गरी स्वदेश फर्काउन नसकिने बताएका छन् । यसअघि प्रतिनिधिसभा अन्तर्गतका विभिन्न समिति, सर्वोच्च अदालतले उपयुक्त प्रवन्ध गरी विदेशमा रोजगारी गुमाई वा अन्य कारण अलपत्र परेका नेपालीहरुलाई स्वदेश ल्याउन नेपाल सरकारलाई निर्देशन दिएका थिए ।

सोही अनुसार उपप्रधानमन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा रहेको नोभल कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले विदेशमा रहेका नेपालीहरुलाई फर्काउने तयारी गरिरहेको खबर सार्वजनिक भएका बेला प्रधानमन्त्री ओलीले भने तत्काल विदेशमा रहेका नेपाली कामदार वा अन्य नागरिकलाई व्यवस्थापनको समस्या देखाएर फर्काउन नसकिने बताएका हुन् ।

मंगलबार सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथि संसदमा उठाइएका प्रश्नहरुको जवाफ दिँदै प्रधानमन्त्री ओलीले समस्यामा परेका नेपाली नागरिकहरूलाई स्वदेश फर्काउने विषयमा छलफल भइरहेको तर नेपालको क्षमतालाई ध्यानमा राखिएको बताए ।

उनले भने, ‘कतारले नेपालबाट १०० जना लैजानु र हामीले कतारबाट पौने चार लाख नेपालीहरुलाई ल्याएर व्यवस्थापन गर्नु एउटै विषय होइन । विदेशमा ४० देखि ४५ लाख नेपाली रहेका छन् । हामीसँग ४/५ वटा मात्र जहाज रहेका छन् । उनीहरुलाई कसरी फिर्ता ल्याउने हो, मेरो त गणित अलिक कमजोर छ, तपाईहरु नै हिसाव लगाउनुहोस् ।’

विदेशमा रहेका नेपालीहरूलाई ल्याउनुपर्छ भन्न सजिलो तर उनीहरुलाई ल्याउने तयारी गर्न गाह्रो भएको भन्दै प्रधानमन्त्री ओलीले भने, ‘व्यवस्थापन गर्ने जनशक्ति उतै छ, विदेशमा रहेका मान्छेलाई यहाँ ल्याउने सेन्टिमेन्टमा क्वारेन्टाइनको व्यवस्था नगरी ह्वारह्वारी ल्याउने र कोरोना मात्र फैलाई देश नै सोत्तर बनाउन चाहँदैनौं ।’

केही दिन पहिले संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा जानकारी दिँदै परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले करिब ६ लाख नेपालीको उद्धार गर्नुपर्ने र करिब आधालाई तत्काल उद्धार गर्नुपर्ने जानकारी दिएका थिए ।

यूएईलगायत केही मुलुकहरुले विमान नै चार्टर गरेर रोजगारी गुमाएका नेपालीलाई ल्याइदिन खोजेको तर नेपाल सरकारले विमान अवतरणको अनुमति दिने अवस्था नरहेको जानकारी दिएका बताएका थिए । हाल कुवेत सरकारले सञ्चालन गरेको आममाफीमा सहभागी भएका करिब ३ हजार नेपाली कुवेत सरकारले सञ्चालन गरेका घर फिर्ती केन्द्रहरुमा रहका छन् । उनीहरुले आफुहरुको मृत्यु नकुर्न नेपाल सरकारलाई पटक पटक ध्यानाकर्षण गराएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जेठ महिनाको पहिलो हप्तासम्म कोरोना भाइरस (कोभिड-१९) को कारणले वैदेशिक रोजगारीमा रहेकामध्ये करिब साढे ४ लाख नेपालीले बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## फर्काउने कार्यविधि बनाइँदै

काठमाडौं/मस- प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा जनशक्ति र क्वारेन्टाइनको पर्याप्त सुविधा नभएको भन्दै विदेशमा रहेका नेपालीहरूको तत्काल उद्धार गरी स्वदेश फर्काउन नसकिने बताएपनि विभिन्न देशमा अलपत्र परेकाहरूलाई स्वदेश फर्काउने मोडालिटीबारे छलफल शुरु भएको छ ।

कोरोना नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समन्वय समितिको मंगलबार बसेको बैठकले विदेशबाट आउने नेपालीको व्यवस्थापनको कार्यविधि बनाउनेबारेमा छलफल गरेको छ । विदेशबाट फर्किनेहरूको व्यववस्थापन गर्न सातै प्रदेशका लागि संघीय सरकारका एक-एक मन्त्रीहरूलाई ‘फोकल पर्सन’ तोकिएको छ ।

प्रदेश १ मा भौतिक पूर्वाधारमन्त्री बसन्त नेम्वाङ, प्रदेश २ मा श्रममन्त्री रामेश्वर राय, वागमती प्रदेशमा महिला बालबालिकामन्त्री पार्वत गुरुङ, गण्डकी प्रदेशमा भूमि व्यवस्थामन्त्री पद्मा अर्याल, प्रदेश ५ मा उर्जामन्त्री वर्षमान पुन, कर्णालीमा वनमन्त्री शक्ति बस्नेत र सुदूरपश्चिममा उद्योगमन्त्री लेखराज भट्ट संयोजक बाँकी पृष्ठ २ मा

## कामपाको सरकारसँग माग

# 'उपत्यका प्रवेश गर्ने सबै नाका सिल गरौं'

काठमाडौं/मस- काठमाडौं महानगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि लकडाउन अवधिभर उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न नेपाल सरकारसँग माग गरेको छ । विश्वभरि फैलिएको कोरोना भाइरसले पछिल्लो समय काठमाडौं उपत्यकामा पनि संक्रमण बढ्दै गइरहेकाले कामपाको ४६औं विशेष नगर कार्यपालिका बैठकको निर्णयले यस्तो आग्रह गरेको हो ।




'कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सरकारले घोषणा गरेको लकडाउनको अवधिमा उपत्यका प्रवेश गर्ने प्रवेश विन्दु (नाका) बाट अत्यावश्यक सेवा प्रवाहमा संलग्न सवारी साधन तथा पासको दुरुपयोग गरी उपत्यका प्रवेश गर्ने क्रम नरोकिएको भन्दै कामपाले यस किसिमको आग्रह गरेको हो ।

प्रवक्ता ईश्वरमान डङ्गोलले काठमाडौंमा कोरोना भाइरस संक्रमणको खतरा बढ्दै गएकाले यसको रोकथाम र नियन्त्रणका लागि लकडाउन अवधिभर उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लेखी पठाउने निर्णय बैठकमा भएको जानकारी दिए ।

त्यसैगरी लकडाउनको अवधिमा कोही व्यक्ति अत्यावश्यक कामका लागि काठमाडौं उपत्यकाभित्र प्रवेश गर्नुपर्ने भए निजको प्रस्थानविन्दुमै कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको पुष्टि भएपछि मात्र उपत्यकामा प्रवेश गर्न अनुमति दिने व्यवस्था मिलाउनुपर्ने पनि बैठकमा जारी विज्ञप्तिमा भनिएको छ ।

लकडाउनको उल्लंघन गरी अनुमति नलिई लुकीछिपी काठमाडौं उपत्यका प्रवेश गर्ने व्यक्ति र निजलाई सहयोग पुऱ्याउने व्यक्तिलाई समेत कारवाही गर्न पनि माग गरिएको छ । क्वारेन्टाइन व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ बमोजिम कामपा क्षेत्रमा आवश्यक संख्यामा क्वारेन्टाइन सञ्चालन र व्यवस्थापन गर्न पनि माग गरिएको छ ।

अत्यावश्यक सार्वजनिक सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मीको कोरोना भाइरससम्बन्धी परीक्षणको अविलम्ब व्यवस्था मिलाउन पनि नेपाल सरकारलाई अनुरोध गरेको डङ्गोलले जानकारी दिए । कोभिड-१९ को संक्रमण बढ्दै गएको र यसका लागि लकडाउनको अवधि पनि थप हुँदै गएको सन्दर्भमा समाजमा चोरी, घरेलु हिंसा, मानसिक रोगजस्ता सामाजिक समस्या देखापर्ने सम्भावना देखिएकाले यसतर्फ पनि ध्यान दिन आग्रह गरिएको छ ।

## सञ्चारग्राम र महासंघमा कोरोना परीक्षण

काठमाडौं/मस- स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुले सोमवार सञ्चारग्राममा पत्रकार र कर्मचारीहरुको कोरोना परीक्षणको लागि स्वाब संकलन गरेको छ । प्रेस काउन्सिल नेपालको आयोजनामा पोलिमर चेन रियाक्सन (पीसीआर) परीक्षणको लागि स्वाब संकलन भएको हो ।



केही मिडियाका सम्पादक, फ्रन्टलाइनमा रहेर काम गरिरहेका फोटो पत्रकारहरुलगायत प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ, पदाधिकारी सदस्य तथा कर्मचारी, नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यसहित कर्मचारी, सूचना तथा प्रसारण विभागका महानिर्देशक लेखनाथ शर्मासहित कर्मचारी, न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालसहित कर्मचारीसमेत ७० जनाको स्वाब संकलन गरिएको छ । रिपोर्ट बुधबारसम्म आउने बताइएको छ ।

त्यस्तै नेपाल पत्रकार महासंघ, केन्द्रीय समितिको आयोजना तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको संमन्वयमा मंगलबार महासंघ केन्द्रीय कार्यालयमा अग्र मोर्चामा खटिएर काम गरिरहेका १ सय ९१ जना सञ्चारकर्मीको कोरोना भाइरस (कोभिड -१९) परिक्षणका लागि स्वाब संकलन गरिएको छ ।

सोक्रममा स्वाब संकलनका लागि खटिएका स्वास्थ्यकर्मीहरुलाई महासंघका महासचिव रमेश विष्टले हालको अवस्थामा जोखिम मोलेर सेवा दिएकोमा स्वास्थ्य मन्त्रालय तथा सेवा दिने कर्मचारीप्रति हार्दिक धन्यबाद व्यक्त गरे । उनले मंगलबार स्वास्थ्य परिक्षण गरिएका सबै पत्रकारहरु कोरोना संक्रमणको जोखिम मोलेर सूचना संकलनमा अग्रस्थानमा खटिएका पत्रकार रहेको भन्दै परीक्षण गरिएका पत्रकारको नतिजा नेगेटिभ आउने आशा व्यक्त गरे ।

त्यस्तै मेडिकल ल्याब एसोसियसन अफ नेपाल (मेलानका) अध्यक्ष राजेन्द्र खड्काले कोरोना भाइरस नेपालमा समेत भित्रिसकेको अवस्थामा प्रयोगशालामा काम गर्ने जनशक्तिका लागि अतिनै संवेदनशिल रहेको भन्दै त्यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने बताए ।

मेलानका संस्थापक अध्यक्ष कृष्णप्रसाद रिजालले स्वस्थ्य प्रयोगशालामा काम गर्ने जनशक्ति न्यून रहेको भन्दै सरकारले सहि तरिकाले प्ररिचालन गर्नुपर्ने बताए । उनले निजी क्षेत्रका स्वास्थ्यकर्मीहरुलाई समेत सरकारले कोरोना भाइरस संक्रमण रोक्नका लागि परिचालन गर्नुपर्ने धारणा राखे ।

# स्वास्थ्य जाँचपछि सिधैं बासस्थान पुऱ्याउन आग्रह



गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, ६ जेठ

भीमदत्त नगरपालिकाले भारतीय क्वारेन्टाइनमा राखिएका नेपाली नागरिकहरुलाई स्वास्थ्य जाँचपछि बासस्थानसम्म पुऱ्याउन संघ र प्रदेश सरकारसंग आग्रह गरेको छ । नगरपालिका नगर कार्यपालिकाको बैठकले स्वास्थ्य जाँच प्रक्रिया पूरा गरिएका नागरिकलाई सिधैं बासस्थानसम्म पुऱ्याउन आग्रह गरेको हो ।

'विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणको नियन्त्रण र रोकथामका लागि देशभरी लकडाउन रहेकाले भीमदत्त नगरपालिकाको सीमा नजिक रहेका नेपालीहरु भारतीय क्वारेन्टाइनमा बसी स्वास्थ्य सम्बन्धि सम्पूर्ण चेकजाँच पूरा गरिएकाहरुको हकमा सिधैं उनीहरुको बासस्थानसम्म पुऱ्याउनको लागि प्रदेश सरकार र संघ सरकारसंग अनुरोध गर्ने' भनी बैठकले निर्णय गरेको छ ।

अहिले घर फर्किएका विभिन्न जिल्लाका वासिन्दाहरु सीमावर्ती भारतीय सहरका क्वारेन्टाइनमा राखिएका छन् । तीमध्ये अढाई सयलाई केही दिन अघि आफ्नो घर फर्काइएको छ ।

भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टको अध्यक्षतामा बसेको बैठकमा कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म गरिएका कार्यको समीक्षासमेत गरेको छ । नगरपालिकाले महाकालीमा अस्पतालमा प्रयोगशाला निर्माण, मेडिकल उपकरण तथा स्वास्थ्य जाँचका लागि आवश्यक किटको व्यवस्था गर्नसमेत संघ र प्रदेश सरकारसंग आग्रह गरेको छ ।

कार्यपालिका बैठकबाट कोरोना भाइरस रोकथाम एवं नियन्त्रणका लागि आवश्यक समन्वय, सहजीकरण तथा निर्देशनका लागि गठन गरिएको नगर स्तरीय निर्देशक तथा समन्वय समितिमा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजकलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरिएको छ ।

असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७६ मा मन्त्री परिषद्का निर्णयका बुँदासमेत समावेश गरी राहत वितरण निर्देशिका लागू गर्ने निर्णय गरिएको भीमदत्त नगरपालिका नगर कार्यपालिकाका प्रवक्ता हिमाल बहादुर चन्दले जानकारी दिए । नगरपालिकामा मापदण्डका आधारमा यस अघि सात हजार भन्दा बढी परिवारलाई राहत वितरण गरिएको छ । नगरपालिकाले खाद्यान्नको समस्या भएका परिवारलाई प्रधानमन्त्री रोजागार कार्यक्रमलगायतका उत्पादनमुलक कार्यक्रममा सहभागी गराउने निर्णय गरिएको छ ।

कार्यपालिका बैठकले चालु आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेटबाट सञ्चालित योजना तथा कार्यक्रम सम्पन्न गर्न नगरपालिका कार्यपालिकालाई निर्देशन दिएको छ ।

नगर प्रवक्ता चन्दले भीमदत्त नगरपालिकाको २५ वर्षे रणनीतिक गुरु योजनाका लागि थप सुझावका लागि कार्यालयलाई निर्देशन, क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति र राहत वितरण अनुमगन समिति अनुमोदन र नगर स्तरीय मुक्त हलिया पुनःस्थापना समस्या समाधान समिति गठन गर्ने निर्णय गरिएको बताए । नगर कार्यपालिकाले नगर क्षेत्रभित्रका सार्वजनिक जग्गा संरक्षण कार्य सञ्चालन गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिएको छ ।

### प्रधानमन्त्रीको...

हुने भए पनि पुल बनिसकेपछि जुत्ता खोलेर खोलो तर्नुपर्छ भन्ने ज्ञानको पालना गरिरहनु हुँदैन भन्दै संसदीय अभ्यासमा नयाँ अवधारणा अघि सार्न आवश्यक रहेकामा पनि जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले समाजवादोन्मुख गन्तव्य भएको फराकिलो, उचाइयुक्त, व्यापक र जनताको लोकतन्त्रअनुकूल नीति तथा कार्यक्रम अघि सारिएको जनाउँदै गतिशील अर्थतन्त्र र मानव जगत्लाई खुशी पार्ने व्यवस्थाको कार्यान्वयनका लागि सरकार अग्रसर रहेको बताए । प्रधानमन्त्री ओलीले सरकारका दूरगामी सोच र स्थिरतामा कुनै अन्योलमा नपर्न आग्रह गर्दै सबै जनताका लागि लोककल्याणकारी राज्यको भावनाका साथ केही पनि खान, लाउन पाएन वा सहारा पाएन भन्ने खालको अशोभनीय र निर्दयी मानव समाज हुन नसक्ने स्पष्ट गरे । कसैले अन्न थुपारेर राख्ने र कोही बालबालिका वा ज्येष्ठ नागरिक खानेकुराका लागि सडकमा कुकुरसँग लडिरहेको हुने खालको समाज आफूहरुले अन्त्य गर्ने जनाउँदै पछिल्ला दिनमा काठमाडौं उपत्यकाका सडकमा मागेर हिँड्ने कुनै पनि मानव नरहेको बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सीमा विवादबारे कुनै पनि देशले आफ्नो सेनापतिलाई बोल्न लगाउनु उपयुक्त नहुने बताए । नीति तथा कार्यक्रममाथिको छलफलमा जवाफपछि थप स्पष्टीकरणका क्रममा भारतका सेनापतिले नेपालको लिपुलेकबारे दिएको अभिव्यक्तिबारे सोधिएको प्रश्नमा प्रधानमन्त्री ओलीले आफूहरु काम र उद्देश्यमा स्पष्ट भएकाले सेनापतिलाई जवाफ दिइरहन लगाउन आवश्यक नभएको स्पष्ट गरे ।

प्रधानमन्त्री ओलीले दुई देशका मामिलामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समय समयमा कूटनीतिक संयन्त्रका माध्यमबाट पुनः कुरा गर्ने समझदारी भएकामा हाल केही विलम्ब भएको र सम्बन्धित अन्य तहले कुरा गरेपछि अन्तिममा प्रधानमन्त्रीको तहमा संवाद हुने स्पष्ट गरे ।

### विदेशबाट...

रोजगारी गुमाउने अवस्था देखिएको र उनीहरुलाई तत्काल स्वदेश फर्काउनुपर्ने स्थिति रहेको बताएको छ ।

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले पनि विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउन पटक पटक माग गर्दै आएको छ । प्रधानमन्त्री ओलीले मंगलबार संसदमा दिएको जवाफले विदेशमा रोजगारी गुमाएका कामदार वा अलपत्र अन्य व्यक्तिहरुले स्वदेश फर्किन अझै केही समय कुर्नुपर्ने आँकलन गरिएको छ ।

### फर्काउने...

रहेका छन् । उनीहरूले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी क्वारेन्टाइन लगायतका व्यवस्था गर्नेछन् । वाग्मती प्रदेश संयोजक मन्त्री गुरुङले सबै पक्षका सुझावहरु लिएर विदेशबाट फर्काउने र उनीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि बनाएर मन्त्रिपरिषदले पारित गरेपछि कार्यान्वयन गर्ने बताए ।

स्वदेश आउनेलाई सुरक्षाका विधि बनाएर सक्नेलाई उनीहरुकै खर्चमा सुविधासम्पन्न होटलमा राख्ने र नसक्नेलाई सरकारी क्वारेन्टाइनमा राखेपछि स्थानीय तहको जिम्मा लगाएर घर पठाउने सोच बनेको बताइएको छ ।

## यात्रु ओसार्ने एम्बुलेन्स नियन्त्रणमा

**डोटी/रासस-** लकडाउनका बेला बिरामी भन्दै यात्रु ओसार्ने आरोपमा एउटा एम्बुलेन्सलाई प्रहरीले नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय बुडरले कैलालीबाट यात्रु बोकेर दिपायल आउँदै गरेको आरोपमा जिल्लाको सायल गाउँपालिकाको से१झ ३३४ नंको एम्बुलेन्सलाई चालकसहित नियन्त्रणमा लिएको हो ।

एम्बुलेन्समा चालकसहित पाँच जना सवारी र केही सामान बोकेको पाइएपछि नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालयका प्रमुख कर्णबहादुर रौलेले बताए । उनले भने, 'गाडी जाँचका क्रममा एम्बुलेन्समा यात्रु बोकेको पाइएपछि हामीले नियन्त्रणमा लिएका छौं, यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा खबर गरेका छौं, बाँकी माथिको आदेश आएपछि कारवाही हुनेछ ।'

कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको लकडाउनका समयमा यहाँका एम्बुलेन्स, सरकारी गाडी तथा खाद्यान्नलगायतका सावारी साधनले यात्रु बोक्ने गरेको गुनासो आएपछि प्रहरीले जाँचमा कडाइ गर्न थालेको छ । प्रहरीले नियन्त्रणमा लिएका एम्बुलेन्स, चालक तथा यात्रुलाई इलाका प्रहरी कार्यालय बुडरमा राखिएको छ ।

### सातौं...

वा अरु कुनै पसल खोल्नका लागि आफूलाई सङ्क्रमण छैन भनि प्रमाणित गराउनका लागि आइरहेका छन् । बैङ्कलगायतका संस्था खुल्दा पहिले बिदाका बसेका कर्मचारी पनि कोभिड-१९ परीक्षण गर्न आएका छन् । बन्दाबन्दीको समयमा पनि भिडभाड भइरहेका कतिपय कार्यालयका कर्मचारी पनि परीक्षणका लागि आइरहेको अस्पतालले जनाएको छ ।

अस्पतालमा अहिले झण्डै पाँचदेखि ७०० सम्म कोभिड-१९ को परीक्षणका लागि आइरहेकामा धेरै व्यक्तिमा सङ्क्रमणको सम्भावना नरहेको अस्पतालका निर्देशक डा सागर राजभण्डारीले बताए । उनका अनुसार जो व्यक्तिमा सङ्क्रमणको सम्भावना छैन भने उसलाई सबै विवरण सुनेर अस्पतालले हरियो कार्ड (सङ्क्रमण नभएको प्रमाणपत्र) दिएर घर फर्काउने गरेको छ । अस्पतालमा आएकामध्ये ४० प्रतिशत व्यक्तिमा सङ्क्रमणको सम्भावना नभएपनि उनीहरु डराएर जाँच गर्न आइरहेको उनले बताए ।

वैशाखसम्म दैनिक २० देखि ३० जनासम्म व्यक्ति कोभिड-१९ जाँचका लागि आउने गरेकामा गत मङ्गलबार काठमाडौं र भक्तपुरमा सङ्क्रमित व्यक्ति फेला परेसँगै यो सङ्ख्या ह्वात्तै बढेको हो । बन्दाबन्दी खुकुलो भएपछि उपत्यका बाहिरका जिल्लाबाट धेरै उपत्यका फर्किएका थिए । कतिपय सङ्क्रमित अहिलेसम्म नभेटिएका जिल्लाबाट आएका व्यक्तिसमेत परीक्षणका लागि आइरहेका उनले बताए ।

काठमाडौं उपत्यका बाहिरका कोरोना सङ्क्रमितको सङ्ख्या बढी रहेको जिल्लाबाट आएका वा सङ्क्रमितको सम्पर्कमा आएका हुनसक्ने, सङ्क्रमण रोकथामका लागि अग्रपङ्तिमा रहेर काम गर्नेहरुको नमूना सङ्कलन भइरहेको डा राजभण्डारीले बताउनुभयो । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायतका पेशामा रहेर काम गरिरहेका व्यक्तिको व्यक्तिगत रुपमा नमूना सङ्कलन भइरहेको छ ।

यो महिनाको पहिलो दिनदेखि नै अस्पतालमा कोभिड-१९ को परीक्षणका लागि आउनेको सङ्ख्या बढिरहेको छ । यहाँ आएकामध्ये कतिपयको आरडीटी र कतिपयको पिसिआर परीक्षण हुने गरेको छ । सङ्क्रमणको सम्भावना बढी भएका व्यक्तिको पिसिआर परीक्षण र जोखिम कम भएका व्यक्तिको आरडिटी परीक्षण भइरहेको उनले बताए । अहिले सुरक्षाकर्मीहरु पनि समूहमा कोरोना परीक्षणका लागि आइरहेका छन् ।

अस्पतालले परीक्षण भएको दुई दिनपछि नतिजा दिने गरेको छ । व्यक्तिले सम्पर्क नम्बर र ठेगाना फरक लेख्ने गर्दा उसलाई सम्पर्क गर्न र पोजेटिभ आउँदा कन्ट्याक ट्रेसिङमा समस्या हुने उनको भनाइ छ । उनीहरु लामो समयदेखि काठमाडौं बस्ने भएपनि आफ्नो जिल्लाको ठेगाना लेख्ने गरेको पाइएको छ ।

अस्पतालमा आइसियू २० श्यया र आइसोलेशन ३० वटा रहेको छ । अस्पतालले दिँदै आएका अरु सबै सेवा अरु अस्पतालमा सारेपनि अहिलेसम्म रेबिजविरुद्धको खोप यहीँबाट लगाउने गरिएको छ । प्राविधि समस्याका कारण यो सेवा अन्यत्र सार्न नसकिएको अस्पतालले जनाएको छ । अस्पतालको आइसोलेशनमा अहिले १८ जना रहेका छन् ।

उसोत सोमबार दैलेखमा समेत संक्रमण देखिए पछि सातै प्रदेशका संक्रमणको सन्त्रास बढेको छ । मंगलबार साँझसम्म संक्रमित संख्या ४०२ पुगेको छ । मंगलबार मात्रै २७ जनामा संक्रमण देखिएको छ ।

## खोटाङका संक्रमित युवा नगरपालिकाले घर ल्याइ दिएका

# तुवाचुङ नगरपालिका सिल गरियो

सनतोष पौडेल/मध्यान्ह
खोटाङ, ६ जेठ

खोटाङको हलेसी तुवाचुङ नगरपालिकाका एक जनाको पीसीआर रिपोर्ट पोजिटिभ देखिएको छ । हलेसी तुवाचुङ नगरपालिका वडा नं ७ का २० वर्षीय युवकमा कोरोना संक्रमण देखिएको प्रमुख जिल्ला अधिकारी शालिकराम शर्मा पौडेलले जानकारी दिए ।




नगरपालिकाले गत शुक्रबार ३३ जनाको स्वाब संकलन गरेर धरान स्थित वीपी कोइरला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षणका लागि पठाएको थियो । पीसीआर परीक्षणका क्रममा ती युवामा कोरोना रिपोर्ट पोजिटिभ देखिएको जिल्ला अस्पताल खोटाङका मेडिकल सुपरिटेन्डेन्ट डा. शैलेस श्रेष्ठले बताए ।

ती युवक गत वैशाख १२ गते नगरपालिकाले काठमाडौंबाट घर ल्याइ दिएका थिए । वैशाख १० देखि १३ गतेसम्म हलेसी तुवाचुङ नगरपालिकाले काठमडौंबाट १ हजार ३ सय १८ जना आफ्ना नगरवासीलाई ल्याएको थियो ।

#### नगरपालिका सिल

सो युवकमा कोरोना संक्रमण फेला परेसँगै नगरपालिका प्रवेश गर्न र नगरपालिकाबाट बाहिरिन पूर्णरुपमा रोक लगाइएको नगरप्रमुख इवन राईले बताए । हिन्दू, बौद्ध र किराँत धर्मालम्बीको सङ्गमस्थल खोटाङको हलेसीमा हिँडडुल गर्न, सवारी साधन चलाउन तथा एक वडाबाट अर्को वडा आवतजावत गर्न पूर्णरुपमा रोक लगाइएको जनाइएको छ । संक्रमित युवकको घरलाई सोमबार साँझदेखि नै पूर्णरूपमा सिल गरिएको नगरप्रमुख राईले बताए ।

कोरोना भाइरसको संक्रमण भए/नभएको यकिन गर्न नगरपालिकाबाट धरान पठाइएका ३३ जनाको स्वाबमध्ये सोमबार साँझ उनको पिसिआर रिपोर्ट पोजिटिभ आएको थियो । काठमाडौंमा बसिरहेको अवस्थामा बन्दाबन्दीको मारमा परेका स्थानीय बासिन्दालाई नगरपालिकाले उद्धार गरेर गाउँ ल्याउनेक्रममा उनी बा४ख २२११ नंको बसमार्फत गाउँ आएका थिए ।

# गुल्मीमा कोराना परीक्षण कछुवा गतिमा

सुमन महतारा/मध्यान्ह
गुल्मी, ६ जेठ

गुल्मीमा कोरोना परीक्षण कार्य कछुवा गतिमा अघि बढेको छ । भारतसहित तेस्रो मुलुकबाट जिल्ला भित्रिनेको संख्या दिनानुदिन बढ्दै गएता पनि परीक्षणको दायरा भने खासै बढ्न सकेको छैन । कोरोना संकमित जिल्लामध्येको एक जिल्ला प्रदेश पाँचको पहाडी जिल्ला गुल्मी पनि हो ।

मुलुकमा लकडाउन जारी रहेसँगै देशका विभिन्न स्थान र भारत सहित तेस्रो मुलुकबाट करीब १७ सय ५० जना र भारतबाट मात्रै १२६ जना औपचारिक तवरले गुल्मी भित्रिएका छन् । सबैको आरडीटी परीक्षण गर्ने योजना रहेता पनि तीव्र गतिमा परीक्षण कार्य अघि बढ्न सकेको छैन । जिल्ला बाहिरबाट आएका नागरिक, स्वास्थ्यकर्मी तथा अग्रपंतिमा खटिएका सुरक्षाकर्मी गरी चार हजारको हारहारीमा परीक्षण गर्नुपर्ने अवस्था रहेता पनि अहिलेसम्म केवल ७५ जनाको पीसीआर र १९६ जनाको मात्रै आरडीटी परीक्षण गरिएको जिल्ला जन स्वास्थ्य कार्यालय गुल्मीका कार्यालय प्रमुख डाक्टर भवानी शर्माले बताए ।

भिटिएम तथा किटको अभावका कारण जिल्लाले कोरोना परीक्षणको दायरा बढाउन सकिरहेको छैन भने जिल्लामा लकडाउनका बाबजुद पनि बाहिरबाट नागरिक भित्रिने क्रम नरोकिंदा जिल्लालाई कोराना नियन्त्रणमा थप समस्या परेको छ ।

केन्द्र र प्रदेशले समनवय नगरी नागरिक पठाउँदा थप समस्या परेता पनि आफुहरुले कोरोना नियन्त्रणका लागि सक्दो प्रयास जारी राखेको जनप्रतिनिधिहरु बताउँछन् । पछिल्लो समय विभिन्न बहानामा गुल्मी भित्रिने र होम क्वारेन्टाइन भन्दै सिधै घरमा जान दिने प्रवृत्ति बढीरहेको छ भने ग्रामीण क्षेत्रमा लकडाउन प्रभावकारी नहुँदा समस्या जटिल बन्दै गइरहेको छ ।

इस्मामा २२ जनाकै आरडीटी परीक्षण नेगटिभ

गुल्मीको इस्मा गाउँपालिकामा २२ जनाको आरडीटी परीक्षण गरिएको थियो । गाउँपालिकाले निमार्ण गरेका क्वारेन्टाइनमा रहेका २२ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगटिभ आएको इस्मा गाँउपालिकाका अध्यक्ष लक्ष्मण विष्टले बताए । १४ दिनसम्म क्वारेन्टाइनमा राखिएकामध्ये उनीहरुमा १३ जना पुरुष र ९ जना महिला रहेको उपाध्यक्ष बिमला खत्रीले जानकारी दिइन् ।

कोरोना परीक्षण गरिएका व्याक्ति काठमाडौं र बुटवल शहरबाट आएका थिए । उनीहरुलाई थप एक हप्तासम्मको लागि सुरक्षितरुपमा होम क्वारेन्टाइनमा बस्न आग्रह गरिएको इस्मा गाउँपालिकाले जनाएको छ । हाल इस्मा गाउँपालिकाको क्वारेन्टाइनमा १४ जना व्याक्ति रहेका छन । जिल्लामा भित्रने सबै नागरिकलाई स्थानीय तहले बनाएका क्वारेन्टाइनमा राखेर कोनोना परीक्षण कार्यलाई तीव्र गतिमा अघि बढाउन आवश्यक देखिएको छ ।

बिना काम हिँड्ने १२ जना क्वारेन्टाइनमा


गुल्मीको मालिका गाउँपालिकाले आफ्नो तहभित्र बिना काम र अनुमति बिना हिँडडूल गर्नेलाई नियन्त्रणमा लिने भएको छ । यस क्षेत्रमा कोरोना महामारीको संक्रमण जोखिमपूर्ण हुन थालेपछि गाउँपालिका नेतृत्व सकृय हुन पुगेको हो ।

यसैक्रममा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा गएको जानकारी प्राप्त भएपछि मालिका गाउँपालिकाले वडा नम्बर ४ का १२ जना व्यात्तिलाई क्वारेन्टाइनमा राखेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दिपक भण्डारीले जानकारी दिएका छन् ।

ती व्यात्तिहरु बिना काम अर्को स्थानीय तह मदाने गाउँपालिका गएको जानकारी प्राप्त भएपछि स्थानीय तह, प्रतिपक्ष दलका व्यत्तिहरुको पहलमा उत्त वडा नम्बर ४ मा रहेको पोस्ट हार्डवयार जलजला क्वारेन्टाइनमा राखिएको नेपाली कांग्रेस मालिका गाउँपालिका छाया सरकार प्रमुख उपेन्द्र अर्यालले बताए ।

यतिबेला गाउँपालिका नै सिल गरिएको छ । कुनै पनि विशेष जरुरी काम बिना एक वडाबाट अर्को वडामा जाने व्यात्तिलाई पनि गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा राखिने भएकाले लकडाउनको पूर्ण पालना गर्नका लागि सबैलाई अनुरोध समेत गरिएको गाउँपालिका अध्यक्ष रित बहादुर थापाले बताए ।

# क्रिकेटको अनलाइन कक्षा शुरू




**काठमाडौं, मस-** ग्रेट हिमालय क्रिकेट एकेडेमीले अनलाइनबाट क्रिकेटको प्रशिक्षण शुरु गरेको छ। युवा खेलाडी उत्पादन गर्ने लक्ष्य लिएको एकेडेमीले अहिले कोरोना भाइरसको महामारीका कारण मुलुक नै लकडाउन भएपछि अनलाइन मार्फत कक्षा सञ्चालन गरेको हो

घरमै बसेर प्रशिक्षकले भने अनुसारको टिप्सहरुलाई पालना गरेर खेलाडीले क्रिकेट सिक्न सक्ने भएका छन् । यसका लागि एकेडेमीले कुनै शुल्क पनि लिएको छैन । किशोर खेलाडीलाई उत्पादन गरेर उमेर समूहका विभिन्न प्रतियोगितामा सहभागिता गराइसकेको यो एकेडेमीले पछिल्लो पटक आफ्नै होस्टेल सहितको पुर्वाधार तयार पारिसकेको छ । तर कोरोनाका कारण जुन गतिमा उसले प्रशिक्षण गराउने सोच बनाएको थियो, त्यो कोरोनाका कारण अहिलेलाई सफल हुन सकेन।

यतिबेला घरमा बसेका बालबालिका मानसिक रुपमा केहि डिस्टर्ब भइरहेका बेला एकेडेमीले अनलाईनबाट क्रिकेट सिकाउने काम गरेको हो । यसका लागि एकेडेमीका प्रशिक्षक जगत टमाटाले सहयोग गरिरहेका छन् । उनी एकेडेमीका नियमित प्रशिक्षक हुन्।

एकेडेमीले आफ्नो फेसबुक पेजबाट विभिन्न अरु प्रशिक्षकसँग पनि अन्तरक्रिया गरिरहेको छ । जसले किशोर खेलाडीलाई केहि हदसम्म क्रिकेट सिक्न सहयोग हुने अपेक्षा गरिएको छ ।

# भारतमा कोरोना संक्रमितको संख्या १ लाख नाघ्यो



**नयाा दिल्ली, एजेन्सी-** भारतमा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या १ लाख नाघेको छ । गत २४ घण्टामा भारतमा ४ हजार ९७० जना कोरोना भाइरस संक्रमित थपिएका छन् । यसैसँगै भारतमा मङ्गलबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख नाघेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा सोमबार एकै दिनमा १३४ कोरोना भाइरस संक्रमितको मृत्यु भएपछि भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार १६३ जना पुगेको छ। यसको संक्रमितको संख्या १ लाख १ हजार १३९ पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३९ हजार १७४ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन्। यहाँमात्र ३५ हजार ५८ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । कोरोनाको संक्रमणबाट महाराष्ट्रमा १ हजार २४९ जनाको मृत्यु भएको छ।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ ११ हजार ७६० जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा ११ हजार ७४५ संक्रमति रहेका छन्

कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा जारी गरेको लकडाउनलाई मे ३१ सम्म लम्बाएको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ। भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको छ।

प्रधान मन्त्री नरेन्द्र मोदी थप योजनासहित चौथो चरणको लकडाउन शुरु भएको बताएका छन् । चौथो चरणको लकडाउन आगामी मे ३१ सम्म लागू हुने बताइएको छ।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । भारतमा कोरोना भाइरस संक्रमणको कारण ३ हजार १६३ जनाको मृत्यु भएको छ । संक्रमितको संख्या १ लाख १ हजार १३९ पुगेका आज बिहानसम्म प्राप्त समाचारमा जनाइएको छ ।

यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ । गृह मन्त्रालयद्धारा गत आइतबार साँझ जारी नयाँ दिग्दर्शनअनुसार संक्रमणको जोखिम हेरेर क्षेत्र अधिकार प्रदेश तथा केन्द्र शासित राज्यहरुले क्षेत्र निर्धारण गर्न पाउनेछन् । यसअघि केन्द्र सरकारले नै त्यस्ता क्षेत्र निर्धारण गरेको थियो ।

# दर्शक विनाको खेलबारे पाकिस्तान जानकार




पाकिस्तानी क्रिकेट टिमका कप्तान बाबर आजमले दर्शक विनाको क्रिकेट खेल्दा कस्तो हुन्छ भन्ने महसुस पाकिस्तानी खेलाडी भन्दा धेरै अरुलाई थाहा नभएको बताएका छन् । आजमले १० बर्षसम्म पाकिस्तानले यसरी नै क्रिकेट खेलेको जिकिर गरेका छन् । कोराना भाइरसका कारण क्रिकेट विस्तारै सुचारु हुने लयमा देखिएको छ। जसका लागि विभिन्न योजनाहरु बनाइराखिएको छ। तर जति योजना बनाए पनि स्टेडियममा एक जना पनि दर्शकको उपस्थिती नहुने बताइएको छ।

यस्तोमा पाकिस्तान क्रिकेट टिमका कप्तान आजमले यो पाकिस्तानी खेलाडीका लागि बानी भइसकेको बताए । उनले १० बर्षसम्म खालि स्टेडियममा खेल्दा दर्शकविना कस्तो महसुस हुन्छ भन्ने हामीलाई जति अरुलाई थाहा नभएको बताए।

पाकिस्तानमा आंतककारी आक्रमण भएपछि ११ बर्ष क्रिकेट प्रतियोगिता बन्द गरिएको थियो। उसको घरेलु प्रतियोगितापनि दुबई, सारजाह र आबूधावीमा खेलाइने गरिथ्यो। जहाँ पाकिस्तानी टिमलाई समर्थकको निकै कम साथ मिलेको थियो।

आजमले स्थानीय मिडियासँग कुरा गर्दै दर्शक विना खेल्न निकै कठिन भएको बताए । खाली स्टेडियममा खेल्दा खेलाडी र दर्शक दुबैलाई कठिन हुने बताए।

यसका साथै उनले भारतीय कप्तान विराट कोहली र आफु फरक किसिमको खेलाडी रहेको बताएका छन्। उनले कोलहीसँग आफ्नो तुलना गर्न नहुने बताए । उनले कोहली अलग तरिकाको खेलाडी रहेको र आफु त्यो भन्दा फरक खेलाडी रहेको बताए । आफ्नो काम टिमलाई कसरी जित दिलाउने भन्नेमा ध्यान रहेको बताए।

एकदिवसीय बरियतामा कोहली शिर्ष स्थानमा रहेका छन भने आजम तेस्रो स्थानमा छन्।

# अमेरिकी दूतावास नजिक क्षेप्यास्त्र प्रहार



**बग्दाद, एजेन्सी-**बग्दादको अमेरिकी राजदूतावास नजिक मंगलबार बिहान एउटा क्षेप्यास्त्र प्रहार भएको र ठूलो विस्फोट भएको स्थानीय संचार माध्यमहरुले जनाएका छन्।

सेनाद्वारा जारी वक्तव्यमा उक्त क्षेप्यास्त्र बग्दादको पूर्वी जिल्लाबाट प्रहार गरिएको र उक्त क्षेप्यास्त्र निकै सुरक्षित ग्रिन जोनभित्रको खाली भवनमा खसेको उल्लेख गरिएको छ। बग्दादको ग्रिन जोन क्षेत्रमा सबैजसो विदेशी राजदूतावासहरु रहेका छन्।

उक्त घटनाको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन र त्यसबाट कुनै मानवीय क्षति भएको छैन । ग्रिन जोन क्षेत्रमा बेलाबेला क्षेप्यास्त्र आक्रमण हुने गरेको छ। सन् २०२० मा मात्र कम्तीमा २७ पटक क्षेप्यास्त्र प्रहार भइसकेको छ ।

# थाई एयरवेजमा आर्थिक संकट, निजीकरणको तयारी




**बैंकक, एजेन्सी-** थाइल्याण्डको राष्ट्रिय ध्वजाबाहक थाई एयरवेज इन्टरनेसनलले आफ्नो व्यावसायिक योजनामा फेरबदल गर्ने गरी थाइल्याण्डको एक अदालतमा निवेदन दिएको छ।

सरकारका एक प्रवक्ता नारुमोन पिन्योसिनवातले थाई एयरवेजको प्रस्तावलाई मन्त्रिपरिषदको स्वीकृतिका लागि मंगलबार पेश गरिने जानकारी दिए । यद्यपी उनले प्रस्तावित कार्ययोजनाका बारेमा विस्तृत रुपमा बताउन चाहेनन्।

थाई एयरवेजले कोरोनाभाइरसका कारण यात्रा र पर्यटन क्षेत्रमा ठूलो संकट उत्पन्न हुनुअघि नै आर्थिक समस्या झेल्दै आएको थियो । थाई एयरले सरकारबाट १ अर्ब ७० करोड अमेरिकी डलर ऋणका लागि प्रस्ताव गरेको छ।

प्रस्तावित योजना कार्यान्वयनमा आए थाई एयरवेजमा सरकारको लगानी ५० प्रतिशतभन्दा कम हुनेछ, र यसले निजीकरणतर्फ अग्रसर गर्नेछ।

उद्धारका विकल्पहरुमध्ये खासगरी कर्मचारी, विमान संख्या र उडानहरु कटौती हुनेछन्।

थाई एयरवेजले सन् २०१९ मा ३७ करोड ४३ लाख, सन् २०१८ मा ३६ करोड १९ लाख तथा सन् २०१७ मा ६ करोड ५८ लाख अमेरिकी डलर नोक्सानी व्यहोरेको थियो।

संचार माध्यमहरुले थाई एयरवेजमा ९ अर्ब ४० करोड डलर ऋणभार रहेको बताएका छन्।

थाई एयरवेजले कोरोनाभाइरस महामारीका कारण अप्रिलको शुरुदेखि नै सबै उडान बन्द गरेको छ । विमान सेवामा कार्यरत अधिकांश कर्मचारीलाई तलब घटाएर विदामा बस्न बाध्य पारिएको छ। सरकारले गत साता अन्तर्राष्ट्रिय उडानबाट थाइल्याण्ड आउन आगामी जुनको अन्त्यसम्म रोक्ने घोषणा गरिसकेको छ।

# चीनसँग व्यापार युद्ध गर्ने चाहना छैन : अस्ट्रेलिया




**क्यानबेरा, एजेन्सी-** अस्ट्रेलियाका व्यापार मन्त्री साइमन बर्मिङघमले चीनसँग अस्ट्रेलियाले व्यापार युद्ध गर्न नचाहेको स्पष्ट गरेका छन् । उनले बेइजिङले कोरोनाभाइरसको अनुसन्धानका नाममा अस्ट्रेलियाली जौको आयातमा करवृद्धि गरेकामा आपत्ति जनाए।

विश्व व्यापार संगठनका नियम समेतलाई बेवास्ता गर्दै चीनले अस्ट्रेलियाली जौमा ८० प्रतिशतभन्दा बढी करवृद्धि गरेको अस्ट्रेलियाको आरोप छ । करवृद्धि गरेसँगै अस्ट्रेलियाली जौको चीन निर्यात लगभग ठप्प भएको छ।

चीनले अस्ट्रेलिया सरकारले जौको उत्पादनमा किसानलाई ठूलो मात्रामा अनुदान दिएको आरोप लगाएको छ। उत्पादन लागतभन्दा न्यून मूल्यमा अस्ट्रेलियाली जौ चिनियाँ बजारमा बिक्री हुने गरेको चीनले बताएको छ।

चीनले गतसाता मात्र अस्ट्रेलियाका चार ठूला उद्योगबाट गाईको मासुको आयात रोकेको थियो।

व्यापार मन्त्री बर्मिङघमले भने, "हामी चीनसँग व्यापार युद्ध गर्न चाहन्नौं । हामी प्रतिशोधको नीति अबलम्बन गर्ने पक्षमा छैनौं। हामी व्यापार नियमलाई अनुशरण गर्न प्रतिबद्ध छौं।"

मन्त्री बर्मिङघमले चीनले विश्व व्यापार संगठनका नियमहरुको प्रयोग गर्दा तथ्य र कानुन दुबैमा गल्ती गरिरहेको बताए। उनले अस्ट्रेलियाले स्वीकृत नियम विपरीत सामान भण्डार नगरेको पनि स्पष्ट गरे।

कोरोनाभाइरसको महामारीको उत्पत्तिका बारेमा अस्ट्रेलिया सरकारले अन्तर्राष्ट्रिय छानबिन गर्नुपर्ने भनाई सार्वजनिक गरेसँगै दुबै देशबीच व्यापार सम्बन्धमा तनाबको स्थिति उत्पन्न भएको छ। चीनले भने दुबैबीच सम्बन्ध नरहेको जनाएको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले कोविड-१९ नियन्त्रणमा भइरहेको विश्वव्यापी पहलमाथि विस्तृत मूल्याँकन गर्न चीन तयार रहेको बताउनुभएको छ । उहाँले यस्तो मूल्याँकनका लागि विश्व स्वास्थ्य संगठनको अग्रसरतामा वैज्ञानिक र व्यावसायिक दृष्टिकोण अपनाउन आह्वान गर्नु भएको छ।

अस्ट्रेलियास्थित चिनियाँ दूतावासले मंगलबार एक विज्ञप्ति प्रकाशन गरी विश्व स्वास्थ्य संगठनको प्रस्तावमा अन्तर्राष्ट्रिय छानबिनको कुरा नआएको सन्दर्भमा अस्ट्रेलिया सरकारले माग गर्नुको कुनै अर्थ नरहने स्पष्ट गरेको छ।

# पाकिस्तानमा कोरोना संक्रमित ४४ हजार पुगे

**इस्लामाबाद, एजेन्सी-** पाकिस्तानमा कोरोनाभाइरस संक्रमितको संख्या ४३ हजार ९६६ जना पुगेको छ। पाकिस्तानी स्वास्थ्य मन्त्रालयले पछिल्लो २४ घण्टामा एक हजार ८४१ जना नयाँ संक्रमित भेटिएको जनाएको छ।

प्राप्त विवरण अनुसार पाकिस्तानको पंजाब प्रान्तमा १५ हजार ९७६ जना, सिन्धमा १७ हजार २४१ जना, खिबर पख्तुनख्वामा ६ हजार २३० जना, बलोचिस्तानमा २ हजार ८२० जना, गिल्गिट बाल्टिस्टानमा ५५० जना, इस्लामाबादमा १ हजार ३४ जना तथा पाकिस्तान अधिनस्थ काश्मिरमा ११५ जना संक्रमित भएका छन्।

स्वास्थ्य अधिकारीहरुले कूल संक्रमितमध्ये १२ हजार ४८९ जना डिस्चार्ज भइसकेको बताएका छन्। पाकिस्तानमा कोरोना संक्रमितमध्ये हालसम्म ९३९ जनाको ज्यान गएको छ।

## खाँदवारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**खाँदबारी, सङखुवासभा**

**१ नं. प्रदेश, नेपाल ।**

## बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७/०२/०७ गते

यस खाँदबारी नगरपालिकाद्धारा तपसिल बमोजिमको निमार्ण कार्यहरुको लागि विभिन्न मितिहरुमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विधुतीय बोलपत्र तथा दरभाउपत्र आह्वानको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्ररू दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रहरू दरभाउपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारीस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन, २०७३) को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबुल गरिएको रकम (भ्याट बाहेक र पि.एस सहित) | बोधार्थ |
|---|---|---|---|---|---|
| १ | NCB-20/076/077 | खर्तुवा मालिङटार सडक स्तरउन्नती तथा ट्र्याक ओपन कार्य, खा.न.पा. ११ | श्री शिद्धेश्वरी निर्माण सेवा, खा.न.पा. १०, सं.स. | रु. १५,४२,१४२/८६ (अक्षेरेपी पन्ध्र लाख बयालीस हजार एक सय बयालीस रुपैया पैसा छयासी मात्र) | श्री एस.ए.एस. कन्सट्रकसन, विराटनगर १६ मोरङ |
| २ | NCB-21/076/077 | ढाडेभिर सडक निर्माण कार्य, खा.न.पा. ४,१० र ११ | श्री हिमालय कन्सट्रकसन, खा.न.पा. १, सं.स. | रु. ४७,७७,२५८/०० (अक्षेरेपी सठचालीस लाख सतहत्तर हजार दुई सय अन्ठाउन्न रुपैया मात्र) | श्री सोनाम कन्सट्रकसन, खा.न.पा. १,सं.स.<br>श्री सनम निर्माण सेवा, खा.न.पा. ७,सं.स.<br>श्री सुनकोशी/हलेसी जेभी, काठमाण्डौं |
| ३ | NCB-22/076/077 | राजकुलो मर्मत तथा निर्माण कार्य, खा.न.पा. ३ र ४ | श्री सुनकोशी/हलेसी जे.भी., काठमाण्डौं | रु. ३६,२७,७५६/२१ (अक्षेरेपी छत्तीस लाख सत्ताईस हजार सात सय छपन्न रुपैया पैसा एकाई मात्र) | श्री सनम निर्माण सेवा, खा.न.पा. ७, सं.स.<br>श्री डायना निर्माण सेवा, खा.न.पा. १,सं.स.<br>श्री अरुण बरुण निर्माण सेवा कम्पनी प्रा.लि., सं.स.<br>श्री जौवारी निर्माण सेवा, चैनपुर ३, सं.स. |
| ४ | NCB-23/076/077 | मानेभन्ज्याङ लिलिवर अरुणथान सडक ढलान कार्य, खा.न.पा.३ र ४ | श्री जुम्ली निर्माण सेवा प्रा.लि., बागलुङ ३ | रु. १,००,३७,६९६/६३ (अक्षेरेपी एक करोड सैतीस हजार छ सय छयानब्बे रुपैया पैसा त्रिसठ्ठी मात्र) | श्री एस.वि. कन्सट्रकसन, खा.न.पा. ९,सं.स.<br>श्री अरुण बरुण निर्माण सेवा कम्पनी प्रा.लि.,सं.स.<br>श्री एस.ए.एस. कन्सट्रकसन, विराटनगर १६ मोरङ<br>श्री डायना निर्माण सेवा, खा.न.पा. १,सं.स. |

**प्रमुख प्रशासकीय अधिकृत**
**खाँदबारी नगर कार्यपालिकाको कार्यालय**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/०२

यस कम्पनीको मिति २०७६/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शुभ लक्ष्मी फार्मेसी एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. (प्रा.लि.नं. १९९९३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभ लक्ष्मी फार्मेसी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



## नीति तथा कार्यक्रममाथी प्रधानमन्त्रीको जवाफ

# निजी क्षेत्रलाई काखा र जनतालाई पाखा राख्न सकिदैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले निजी क्षेत्रलाई काखा र जनतालाइ पाखा राख्ने नसकिने बताएका छन्। मंगलबार सरकारको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा प्रतिनिधिसभामा जवाफ दिँदै माग राख्दैमा हचुवाको भरमा राहत दिन नसक्ने बताएका हुन। उनले प्रतिनिधिसभामा बोल्दै राहत देखाउने कुरा नभएकाले आफ्नो क्षमताले नधान्ने गरी दिन नसकिने बताए। तर उनले जुन स्थानमा छौं त्यहीअनुसार काम अघि बढाउनुपर्नेमा जोड दिए। सरकारले जनतालाई बोलीमा एउटा र व्यवहार अर्कै गर्नेगरी छलछामको काम नगर्ने भन्दै राम्रोसँग हिसावकिताव गरेर राज्यले धान्ने गरी स्रोतमा आधारित भएर राहत दिने समेत उनले बताए। राज्यको प्राथमिकतमा जनताको रोजगारी सिर्जना र कोभिड १९ को माहामारीबाट रोजगारी गुमेका जनलाई रोजगारी दिने भएको जानकारी दिँदै त्यसतर्फ सरकार सचेत रहेको बताए। तर देशको



अर्थतन्त्रलाई चलायमान बनाएर अघि बढाउन सरकारले सक्दो प्रयास गर्ने समेत प्रधानमन्त्री ओलीको उद्घोष थियो। उनले कोरोना महामारीले विश्वव्यापी असर पारिरहेका बेला नेपालले आफूलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ अघि बढाउनुपर्ने भएको बताउनुभएको छ। नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा प्रतिनिधिसभामा आज जवाफ दिँदै प्रधानमन्त्री ओलीले सरकारले नीति तथा कार्यक्रममा कोरोना रोकथाम र नियन्त्रण गर्न पहिलो प्राथमिकता भएको बताए। छिमेकी भारतबाट सङ्क्रमित भएर आउने सङ्ख्या अत्यन्त बढी भएको र उनीहरू लुकेर बस्ने भएकाले गम्भीर भएर रोकथाममा लाग्नुपरेको जनाउँदै प्रधानमन्त्री ओलीले भने, "मानव जातिले कोरोनालाई पराजित गर्नेछ। नेपाललाई कोरोना मुक्त बनाउन र विश्व कोरोना मुक्त हुनेछ भन्ने विश्वास लिएका छौँ।"

उनले अर्थतन्त्रमा पारेको प्रभावले उत्पादनमा ह्रास आएको र राजश्व कम उठेको, रेमिन्टचान्समा असर परेको जनाउँदै यसको सामना गरेर जीवन र समाज चलाउनुपर्ने उल्लेख गरे। उनले सम्भव हुनेसम्म रोजगारीका अवसर अपलब्ध गराउने र आयआर्जन सुनिश्चित गर्नु दिगो व्यवस्थापन हुने भएकाले अर्थतन्त्रलाई कमजोर हुन नदिनका लागि सरकार त्यस बाटोमा अग्रसर भएको उल्लेख गरे।

प्रधानमन्त्री ओलीले भने, "हामी मुलुकमा न्याय र समानतासहितको विस्तृत लोकतन्त्रको पालनाका पक्षमा छौं। हामी सर्फेसियल वा चल्ते चलाते लोकतन्त्रका पक्षमा छैनौं।" प्रधानमन्त्री ओलीले सात दशकभन्दा लामो सङ्घर्षपछि लोकतन्त्र रहेको र सङ्घीय संरचना स्थानीय तह निर्माण गरेर संविधानबमोजिम नयाँ कानूनको निर्माण र पुरानो कानून संशोधन गरिएको उल्लेख गर्दै सरकारले भौतिक संरचना निर्माण गरी सङ्घीयताको बाटोमा अघि बढाएको बताए।

## विद्युत प्रणाली स्तरोन्नती गर्न

# ऋण सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर

**काठमाडौं/मस**-नेपालको विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना कार्यान्वयनका लागि एशियाली पूर्वाधार लगानी बैंकले रु १३ अर्ब ७० करोड बराबरको ऋण सहायता प्रदान गर्ने भएको छ। ऋण सहायता प्राप्त गर्नेसम्बन्धी सम्झौतापत्रमा सोमबार हस्ताक्षर सम्पन्न भइ विद्युतीय माध्यमबाट आदान-प्रदान भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। सम्झौतामा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख तथा सहसचिव श्रीकृष्ण नेपालले, आयोजना सम्झौतामा नेपाल विद्युत् प्राधिकरणका तर्फबाट कार्यकारी निर्देशक कुलमान घिसिङले र एशियाली पूर्वाधार लगानी बैंकका तर्फबाट दुवै सम्झौतामा निमित्त डाइरेक्टर जनरल रजत मिश्रले हस्ताक्षर गरे।




यो आयोजनालाई आवश्यक पर्ने करिब २२४ मिलियन अमेरिकी डलरमध्ये युरोपेली लगानी बैंकबाट पनि सहलगानीको रूपमा रु १३ अर्ब २० करोड बराबरको ऋण सहायता प्राप्त गर्न यसअघि सम्झौता सम्पन्न भइसकेको छ। दुई फरक दातृ निकायका ऋणलाई मिश्रण गरी सम्मिश्रित वित्त ढाँचामा यो ऋण परिचालन गर्न लागिएको हो। एशियाली पूर्वाधार लगानी बैंकले नेपालमा सरकारी क्षेत्रमा गरेको पहिलो लगानी पनि हो।

विद्युत् सेवामा नेपालको प्रदेश नं ५, कर्णाली र सुदूरपश्चिम प्रदेशका जनताको पहुँच बढाउने र विद्युत् आपूर्तिको गुणस्तर एवं दक्षता बढाउने उद्देश्य रहेको छ। सो आयोजना सन् २०२३ को डिसेम्बरसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल विद्युत् प्राधिकरणले कार्यान्वयन गर्ने सो आयोजनाअन्तर्गत ३३ र ११ किलोभोल्ट सवस्टेशनहरू तथा ३३ किलो भोल्ट आपूर्ति लाइनहरूको निर्माण, ११ किलो भोल्ट आपूर्ति लाइनहरू तथा वितरण ट्रान्सफर्मर र कम भोल्टेजका आपूर्ति लाइनको निर्माण र क्षमता विकास एवं आयोजना कार्यान्वयनमा सहयोग गर्ने क्रियाकलाप सञ्चालन हुनेछन्।

सरकारले आगामी दुई वर्षभित्र सातवटै प्रदेशमा विद्युतीकरण गर्ने लक्ष्य राखेको छ। चालू आवमा नै कूल ४० जिल्लामा पूर्णरूपमा विद्युतीकरण गर्ने लक्ष्य राखिएको भए पनि कोरोना कहरका कारण लकडाउन भएपछि काम अगाडि बढ्न सकेको छैन।

# दक्षिण कोरियामा २० लाख बेरोजगार



**जीवन खत्री/रासस**
काठमाडौं, ६ जेठ

दक्षिण कोरियामा गएको चार महिनादेखि बेरोजगारीको सङ्ख्या निरन्तर उकालो लाग्दै हालसम्म २० लाख नाघेको छ। जनवरीदेखि अप्रिलसम्मको आकँडाअनुसार यति धेरै बोरोजगारी भएको सन् २००० देखि यताकै उच्च हो। कोरोना भाइरस महामारीका कारण व्यापार व्यवसायमा परेको नकारात्मक मन्दी, सामाजिक दूरी बनाउनुपर्ने बाध्यता र आन्तरिक तथा बाह्य निर्यातमा उच्च गिरावट आएसँगै यो सङ्ख्या बढेको हो।

कोरोना भाइरस महामारीका कारण पार्टटाइम रोजगारी गर्ने अधिकांशको रोजगारी गुम्नुका साथै पूर्णकालिन रोजगारी गर्नेहरूको समेत काम घटेर बेरोजगार हुनुपर्ने बाध्यता आइलागेको छ। विशेषत सेवा क्षेत्र, उत्पादनमूलक क्षेत्र, होटल तथा पर्यटकीय क्षेत्रमा रोजगारी गुमाउनेको सङ्ख्यामा अत्यधिक वृद्धि भइरहेको छ। बेरोजगारीको अर्को महत्वपूर्ण कारण निर्यातमा उच्च गिरावट हुनु हो। फेब्रुअरीदेखि कोरोना महामारी देखिएसँगै निर्यातदर घटेको थियो। गत अप्रिलमा २४.३ प्रतिशतले घटेको निर्यात मे महिनामा अझ घटेर ४६.५ प्रतिशतमा आइपुगेको छ। यसरी उत्पादित समानको निर्यात गर्न नसक्दा अधिकांश कम्पनीको उत्पादन घट्नुका साथै कर्मचारी कटौतीमा समेत उल्लेख्य वृद्धि हुन थालेपछि बेरोजगारीको सङ्ख्या ह्वात्तै बढेको हो। यसरी बेरोजगारी दर बढेपछि रोजगारीको सिलसिलामा कोरिया आइपुगेका नेपालीहरूमाथि पनि प्रभाव देखिन थालेको छ। नेपालीले काम गर्ने केही कम्पनीमा काम घटेपछि न्यूनतम काम पनि हुन नसकेको, सिफ्ट छुटचाएर दुई-दुई हप्तामा पालो गर्दै काम गर्नुपरेको र इच्छाविपरीत पनि बिदा बस्नुपर्ने बाध्यता रहेको बताउँछन्।

# निर्माण कार्यलाई गति दिन निर्देशन



**हेटौँडा/मस**-वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलले विकास निर्माणको गतिलाई तिव्र पार्न निर्देशन दिनुभएको छ। प्रदेशका १३ वटै जिल्ला हेर्ने विभिन्न नौ कार्यालयका प्रमुखसँग छलफलमा गर्दै मन्त्री फुयाँलले कोरोना प्रतिरोधको संस्कृतिसहित सामाजिक तथा भौतिक दूरी कायम गर्दै एवं सुरक्षाका सबै सावधानी अपनाएर निर्माण कार्यमा गति दिन आग्रह गरे। भिडियो कन्फ्रेन्समार्फत भएको छलफलमा मन्त्री फुयाँलले विकास निर्माणको कामलाई कुनै पनि बाहनाले रोक्न नहुने बताए। भिडियो कन्फ्रेन्समा यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय तथा विभिन्न जिल्ला हेर्ने प्रादेशिक सडक डिभिजन कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो।

बैठकपछि रासससँग कुराकानी गर्दै मन्त्री फुयाँलले कोरोनाको कहरले धकेलिएको विकास निर्माणको दरलाई सामान्य बनाउँदै जाने र स्थानीय मजदुरहरूको प्रयोग गरी निर्माणको कामलाई तीव्र बनाउने नीति लिइएको जानकारी दिऐ। "हामी अस्थिर छौं, हामीसँग थकाइ मार्ने फुर्सद छैन, प्रदेश सरकारले विभिन्न चरणमा विभिन्न प्रतिबद्धता गरेको छ र ती प्रतिबद्धता पूरा गर्नु हाम्रो कर्तव्य हो, त्यसमा हामी लागि रहन्छौं", उनले भने। प्रदेशका १३ वटै जिल्लामा धमाधम काम भइरहेको उहाँको भनाइ थियो।

# दमौली बजार हप्ताको चार दिन खुल्ने

**तनहुँ/मस**-सदरमुकाम दमौली बजार आज मङ्गलबारदेखि लागू हुने गरी हप्ताको चार दिन तीन घण्टाका दरले खुल्ने भएको छ।

यसअघि दैनिक समयावधि तोकी पसल खुलाउने गरे पनि मानिसको चहलपहलमा वृद्धि हुँदै गएपछि न्यूनीकरणका लागि समयावधि घटाइएको हो। व्यास नगरपालिका बजार अनुगमन समितिले यही जेठ ६ गतेदेखि लागू हुने गरी हरेक हप्ता सोमबार, मंगलबार, बुधबार र बिहीबार बिहान ११ देखि अपराह्न २ बजेसम्म दमौली बजार क्षेत्र खुला राखिने निर्णय गरेको समितिका संयोजक एवं नगर उपप्रमुख मीरा जोशीले जानकारी दिईन।

क्वारेन्टिनमा बस्ने बढ्दै पछिल्लो समय क्वारेन्टिनमा बस्ने पुन: उकालो लाग्न थालेको छ। शून्य अवस्थामा पुगेको तनहुँमा कोरोना संक्रमित रेडजोनबाट मानिस आआफ्नाघर आउने क्रम जारी रहेपछि क्वारेन्टिनमा बस्नेको संख्यामा वृद्धि भएको हो।

जिल्लामा हाल दुई महिलासहित ४३ जना क्वारेन्टिनमा बस्दै आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिऐ। तनहुँमा हालसम्म ५८६ पुरुष र ८२ महिलाको आरडिटी गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ। त्यसैगरी २४ पुरुष र १५ महिला गरी ३९ जनाको स्वाब संकलन गरी परीक्षण गर्दा नेगेटिभ आएको र पाँच जनाको आउन बाँकी रहेको प्रमुख अधिकारीले बताए।

# सेलपे र भाटभटेनी मनी ट्रान्सफरबीच सम्झौता

**काठमाडौं/मस**- नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकम प्रालिको सेलपे सेवाले भाट्भटेनी मनी ट्रान्सफर कम्पनीसँग नेपालमा डिजिटल भुक्तानी सेवाहरु प्रबर्दन गर्नका लागि सहकार्य गरेको छ। नेपालभरिका आफ्ना प्रयोगकर्ताहरूलाई आन्तरिक रेमिट्यान्स सेवा प्रदान गर्न सहकार्य सम्झौतामा भाट्भटेनी मनी ट्रान्सफरका प्रबन्ध निर्देशक राजन कुमार अमात्य र सेलकम प्रालिका प्रबन्ध निर्देशक पवन प्रधानले हस्ताक्षर गरेका गरेका हुन्।

भाट्भटेनी मनी ट्रान्सफर (बीएमटी) नेपालको सबैभन्दा ठूलो र बहु प्रतिष्ठित सुपरमार्केट चेन भाट्भटेनी सुपरस्टोर ग्रुप द्वारा प्रवर्धित रेमिट्यान्स कम्पनी हो। उक्त सहकार्य अन्तर्गत, ग्राहकहरुले सेलपे मोबाईल वा वेब एप्लीकेशनबाट सजिलै (बीएमटी) का आन्तरिक रेमिट्यान्स सेवाहरु प्रयोग गर्न सक्नेछन्।

जसका लागि सेलपे एप्पमा रेमिट्यान्स बटनमा थिची आफुलाई चाहेको भाट्भटेनी मनी ट्रान्सफर (बीएमटी) रेमिट्यान्स सेवा चयन गरी आवश्यक विवरणहरू भरे पश्चात, ग्राहकले सजिलैसँग नेपालका विभिन्न भागहरूमा पैसा पठाउन सक्नेछन्।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ